# नंग सेलुनमा गोडा चोपल्ने बाटा (फूटस्पा)को सफाई र निसंक्रमण गर्ने प्रक्रिया सम्बन्धि सुझाव

डिसेम्बर २००६

नंग सेलुनका धनी, संञ्चालक र कर्मचारीको लागि यस लेखमा गोडा चोपल्ने बाटा (फूटस्पा) र सम्बन्धित सर-सामाग्री निसंक्रमण गर्ने प्रक्रियाबारे जानकारी समावेश गरिएको छ।

ग्राहक सावधानि—ग्राहकको सुरक्षा

1. **ग्राहकको गोडा र पाउको अवस्था जाँच गर्ने:**
   छालामा घाउचोट देखिएको खण्डमा (किराले टोकेको, कोतारिएको, पाप्रा बसेको, अथवा अरु कुनै किसिमबाट छालाको रक्षा-कवच कमजोर भएको) ग्राहकलाई फूटबाथमा गोडा किन चोपल्न हुन्न भनेर सम्झाउने।
2. **फूटबाथ सकाएर मात्र गोडाको नंग श्रींगार (पेडिक्यूर) र मैन लगाउन सुरु गर्ने:**
   गोडा चोपल्ने बाटा (फूटस्पा)मा गोडा डुबाउनुअघि ग्राहकको छालामा चोटलाग्न सक्ने कुनै पनि कार्य वा सेवा गरिनु हुँदैन।

**नंग श्रींगार (पेडिक्यूर)मा गोडा चोपल्ने बाटा (फूटस्पा)लाई निसंक्रमण गर्नको लगि बुंदागत निर्देशन**

**प्रत्यक ग्राहकपछि:** (ग्राहको गोडा फूटस्पाबाट निकालेपछि कुनै बिन्दूमा, जस्तो कि गोडाको मालिस गर्दा, औंलामा पालिस लगाउँदा या अरु त्यस्तै मौका छोपेर तल तोकिएको कार्य पूरा गर्ने)

1. बाटाको पनि **खालिगर्ने** र त्यसमा देखिएको फोहरमैला हटाउने ।
2. फूटस्पाकोभित्री भाग साबुन पानीले **सफागर्ने** अनि फेरी सफा पनीले पखालेर र पानी रित्याउने।
3. **सफा गरिसकेपछि** बाटाको सम्पूर्ण सतहलाई **वातावरण समरक्षन मन्त्रालय (EPA)ले स्विकृत गरेको अस्पताल निसंक्रमणकारी** (disinfectant) प्रयोग गरेर निर्माताको निर्देशन अनुसार **निसंक्रमण गर्ने।** बाटाको भित्ता र सतह १० मिनेट अथवा लेबलमा तोकिएको समयसम्म निसंक्रमणकारीमा भिजिरहनु पर्छ।
   * **भुमरी (whirlpool) फूटस्पा, एरजेट बेसिन, पाइप-रहित फूटस्पा र अन्य पानी चल्ने स्पा:**
     सबभन्दा उचित निसंक्रमणको उपाय -- बाटामा सफा पानी भर्ने र निसंक्रमाणकारीको ठीक मात्रा राखेर अन गरिदिने र तोकिएको समयसम्म पानी चल्न दिने।
4. निसंक्रमणपछि **पानी फालेर** सफा पानीले **पखाल्ने।**

**हरेक रात:**

- **भुमरी (whirlpool) फूटस्पा, एरजेट बेसिन, पाइप-रहित फूटस्पा र अन्य पानि चल्ने स्पा:**

1. बाटाको फिल्टर जाली, पानी फाल्ने दुला, र अरु सबै निकाल्न मिल्ने पाट-पूर्जा **निकालेर** तीमा या ती पछाडी जमेर बसेको मैला सफा गर्ने।
2. ब्रुस प्रयोग गरेर साबुन या निसंक्रमणकारीले यी पाट-पुर्जा घोटेर सफा गर्ने (सफागर्ने निर्देशअनुसार)।
3. निकालिएका पाट-पूर्जा **पानीले पखालेर** बाटाभित्र आ-आफ्नो ठाउँमा फिर्ता राख्ने।
4. लेबुलको निर्देशअनुसार बाटामा **पानी भरेर वातावरण समरक्षन मन्त्रालय (EPA)ले स्विकृत गरेको अस्पताल निसंक्रमणकारीको** मात्रा मिसाउने। मिसिन अन गरेर १० मिनेटसम्म अथवा फरक भए लेबलले तोकेको समयसम्म पानी धुम्न दिने। (बाटाभित्रको नालिनलिमा लुकेर बसेको कीटाणुहरु नष्ट गर्नको लागि बाटाको पानी-फोहरा प्रणाली निसंक्रमणको पूरै समयभरी चलिरहेको हुनुपर्दछ)।
5. **निसंक्रमणपछि बाटा रित्याउने, पखाल्ने** र हावामा सुक्न दिने।

**साधारण (पानी न-घुम्ने) बाटाको लागि:**

1. बाटाको पानि **खालि गर्ने** र त्यसमा देखिएको फोहरमैला हटाउने ।
2. साबुन या निसंक्रमणकारी लगाएर ब्रुसले बाटा **घोट्ने** (सफा गर्ने निर्देशन अनुसार)।

**पखालेर पानि निखार्ने**

3. **इपीएमा (EPA) दर्ता भएको अस्पताल निसंक्रमणकारी पदार्थले** निर्माताको आदेशअनुसार बाटा **निसंक्रमण गर्ने**। १० मिनेट (अथवा लेबुलले तोकेको समय) सम्म निसंक्रमणकारी पदार्थले बाटा भिजाउने।
4. बाटाको **पानि निखार्ने** र सफा पनिले **पखालेर** हावामा सुकाउने।

EZ DISINFECTANT

Disinfectant -- Bactericide -- Virucide -- Fungicide
For Hospital, Institutional and Home Use

Active Ingredients:

| | |
|---|---|
| Compound A | 15.0 % |
| Compound B | 2.5 % |
| Compound C | 2.5 % |
| Inert Ingredients | 80.0 % |
| TOTAL | 100.0 % |

This product has been proven effective against the following organisms:

*Staphylococcus aureus*
*Salmonella enterica*
*Pseudomonas aeruginosa*
*Trichophyton mentagrophytes*
HIV-1

E.P.A. Reg. No. XXXX-XX

Hospitals, Nursing Home Facilities, other health care establishments, schools, veterinary clinics, office buildings, retail establishments, industrial facilities

**निसमक्रमणकारी पदार्थको लेबुल जानकारी**

**अस्पताल या चिकित्सा प्रयोगको लागि भनेर पदार्थको लेबुलमा प्रष्टसंग उल्लेख भएको हुनुपर्छ। त्यसमा निम्न लिखित जीवाणुको सूची पनि हुनसक्छ:**

स्टाफिलोककस् अरियस
साल्मोनेला ऐन्टेरिका
स्यूडोमोनास एरुजिनोसा

**पदार्थको लेबुलमा इपिएको दर्ता नं प्रष्टसंग खुलाइएको हुनुपर्छ।**

**स्वस्थ्य सेवासंग सम्बन्धित अन्य ठाँउको प्रयोगबारे पनि लेबुलले खुलाएको हुन्छ।**

**थप महत्वपूर्ण कदमहरु**

- **आफ्नो राज्यको निर्देशण र नियमनको पालना गर्ने:** कुनै कुनै राज्यले हरेक हप्ता वर्लपूल (whirlpool) यन्त्रलाई ब्लिचले (bleach) सफा गरेर त्यसलाई आठ घण्टासम्म ब्लीचको सम्पर्कमा राख्नुपर्ने नियम तोकेका छन्। नंग सेलुनहरुले राज्यको कस्मेटोलोजि नियमन पढेर आफूहरुबाट त्यसको उल्लंघन नभएको पक्का गर्नु पर्छ।

- **सबै लेबुल तथा निर्देशण पुस्तिका पढ्ने:** निसंक्रमणकारी पदार्थको लेबुल निर्देशको सधैं पालना गर्ने र साथै गोडा चोपाल्ने बाटाको प्रयोग-पुस्तिका पढ्ने। गोडा चोपाल्ने बाटा नबिग्रियोस भन्ने कुरा ध्यानमा राख्दै पदार्थहरुको चाहिंदो र उचित मात्रा प्रयोग गर्ने।

- **आफ्नो उपकरण र यन्त्रको अवस्थाबारे जानि राख्ने:** तपाईंको गोडा चोपाल्ने वर्लपूल स्पाको नियमित रुपमा सफाई र निसंक्रमण भएको छैन भने प्रणालीमा जमेर बसेको जीवाणु हटाउनको लागि माथि उल्लेख सरसफाइका कार्यबाहेक सम्भवत थप कदम चल्नुपर्ने हुन्छ। थप जानकारीको लागि गोडा चोपाल्ने स्पा निर्मातासंग सम्पर्क राख्नुहोला। सुरुमा इपिएमा दर्ता भएको अझै उच्च स्तरको निसंक्रमणकारी, जस्तो कि लेबुलमा टिबी-नाशक भनेर खुलाइएका पदार्थहरु प्रयोग गर्नसकिन्छ। एकपटक पुरा प्रणालीको निसंक्रमण गरिसकेपछि नियमित स्याहार र सरसफाईको लागि यस पुस्तिकामा विवरण गरिए बमोजिम अस्पताल निसंक्रमणकरीको प्रयोग गर्न सकिन्छ।